दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख
कर्णाली प्रदेश

## दरखास्त आब्हानको सूचना

**सुचना प्रकाशन मितिः २०८२/०४/०७ गते ( प्रथम पटक)**

यस नगरपालिका, नगरकार्यपालिका अन्तरगत संचालित विभिन्न साझेदार निकायहरुको आर्थिक सहयोगमा विभिन्न पदहरुमा कर्मचारीहरु सेवा करारमा पदपूर्ति गर्न पर्ने भएकोले दुल्लू नगरपालिकाको निर्णय अनुसार देहाय वमोजिमका पद र तहमा तोकिए वमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र वैयक्तिक विवरण **(Bio-Data)** सहित नगरपालिकाले तोकेको ढाँचामा फाराम भरी यस कार्यालयमा पेश गर्न दरखास्त आब्हान गरिन्छ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१-०८२/०८३ | शैक्षणिक स्रोत ब्यक्ति | १ (एक) | १०००।– | मा.वि. **द्वितीय सरह** |
| २ | ०२-०८२/०८३ | मनोसामाजिक परामर्श कर्ता (महिला) | १ (एक) | ५००।- | सहायक पाँचौ |

**१. शैक्षणिक स्रोत ब्यक्ति पदको लागी**

**दुल्लू नगरपालिका र TECSES NEPAL बीच भएको सम्झौता बमोजिम विद्‌यालयमा सिकाइ सहजीकरणलाई प्रभावकारी बनाउनका लागि एक जना शैक्षणिक स्रोत व्यक्तिको पद पूर्ती लागी**

(क) २१. वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
(ख) शिक्षक पेशागत विकासका क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको,
(ग) शिक्षा शास्त्र संकायमा स्नातकोत्तर उत्तीर्ण,
(घ) तालिम सहजीकरण, मार्गदर्शन तथा सिकाइ सामाग्री विकासमा दक्षता भएको,
(ङ) शिक्षण अभ्यासमा शिक्षण प्रविधि र डिजिटल सिकाइ प्लेटफर्महरूको प्रयोग गर्न सक्ने,
(च) समावेशी शिक्षा सम्बन्धी नीति तथा प्राविधिक पक्षहरूमा राम्रो ज्ञान भएको साथै राम्रो सञ्चार तथा अन्तरवैयक्तिक सिप भएको,
(छ) प्रचलित कानूनले अयोग्य नभएको,
(ज) कुनै राजनीतिक दलको सदस्य नरहेको
(झ) सेवा सुविधाः नगरपालिका र परियोजना वीच भएको दोहोरो समझदारी पत्र (**MOU**) बमोजिम ।
(ञ) कार्यक्षेत्रः दुल्लू नगरपालिका अन्तरगत ।

तिलक वि.क.
प्रमुख प्रशासकीय अधिकृत

## २) मनोसामाजिक परामर्शकर्ता (महिला) पदको लागी

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकार बीच भएको दोहोरो सम्झौता अनुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मंन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरु को साझेदारीमा यस दुल्लू नगरपालिकामा सुरक्षित बैदेशिक रोजगारी सम्वन्धी सचेतिकरण कार्यक्रम संचालन गर्न मनोसामाजिक परामर्श सेवा वित्तिय साक्षरता संचालन गर्ने कार्यका लागी

(क) मान्यता प्राप्त शैक्षिक संस्थावाट हेल्थ असिष्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविध्यालयवाट पब्लिक हेल्थ नर्सिग/ मनोविज्ञान/ समाजशास्त्र/सोसियल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको र पोष्ट ग्राजुयट डिप्लोमा इन काउन्सेलिग उत्तिर्ण गरेको ।

(ख) मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रवाट प्रमाण पत्र भएको र सोहि क्षेत्रमा काम गरेको अनुभवीलाइ विशेष प्राथमिकता दिइनेछ ।

(ग) २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

(घ) प्रचलित कानूनले अयोग्य नभएको ।

(ङ) नेपाली र अंग्रेजी दुबै भाषा बोल्न र प्रतिवेदन तयार गर्न सक्ने ।

(च) कुनै राजनीतिक दलको सदस्य नरहेको

३) सेवा सुविधाः नगरपालिका र परियोजना वीच भएको दोहोरो समझदारी पत्र (**MOU**) बमोजिम ।

४) कार्यक्षेत्रः दुल्लू नगरपालिका अन्तरगत ।

५) दरखास्त फर्म बुझाउने अन्तिम मितिः- २०८१।०४।२१ गते कार्यालय समय (कार्यालय समय भित्र) (दरखास्त दिने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएको खण्डमा सोको भोलिपल्ट)

६) परीक्षा मितिः सम्पर्क मितिमा /पछि सूचना प्रकाशन गरिने छ ।

७) पाठ्यक्रमः सम्वन्धित पदको लागि तोकेको पाठ्यक्रम र कार्यविवरण अनुसार ।

८) गर्नु पर्ने कामको विवरणः - तोकिए वमोजिम ।

९) दरखास्त फारामः - नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइएको वा वेवसाईट ( **www.dullumun.gov.np)** वाट डाउनलोड गरेको दरखास्त फारम भरी हालसालै खिचेको पासपोर्ट साईजको ३ प्रति फोटो टाँस गरी पेश गर्नुपर्ने ।

१०) तोकिए वमोजिमको दरखास्त शुल्कः - कार्यालयको राजश्व शाखामा वा रा.वा. वैक, दुल्लू शाखामा रहेको आन्तरिक राजश्व खाता हि.नं. ४३४०१००३०१०१०००२ मा जम्मा गरेको भौचर संलग्न राख्नु पर्ने छ ।

११) परिक्षाको किसिमः छोटो सूचि, लिखित र अन्तरवार्ता (मनोसामाजिक परामर्शकर्ताको हकमा कम्प्यूटर सीप परिक्षण समेत)

(थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नु हुन)

प्रमुख प्रशासकीय अधिकृत

तिलक बि.क.

प्रमुख प्रशासकीय अधिकृत